नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

फोन नं.: ४२०१३३
४२०५५५
फ्याक्स नं.: ४२०१५३
daodadeldhura@moha.gov.np
daodadeldhura133@gmail.com

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

पत्र संख्याः २०८२/०८३

## निर्वाचन तथा होली पर्व सम्बन्धी जिल्ला प्रशासन कार्यालय, डडेल्धुराको अनुरोध।

यही मिति २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को तयारी अन्तिम अवस्थामा पुगेको छ। उक्त निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण एवम् भयरहित वातावरणमा सम्पन्न गर्न स्थानीय प्रशासनबाट अधिकतम प्रयास भइरहेको, उम्मेदवार, मतदाता, मतदान सामाग्री लगायतका निर्वाचनका सबै पक्षहरूको भरपर्दो सुरक्षा व्यवस्था मिलाइएको छ। प्रचलित कानून एवम् निर्वाचन आचारसंहिताको पालना गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण एवम् भयरहित वातावरणमा सम्पन्न गर्न आवश्यक सहयोग पुऱ्याउन जिल्लामा क्रियाशील सबै राजनीतिक दलहरू, निर्वाचनमा भाग लिने उम्मेदवारहरू, निर्वाचन व्यवस्थापनमा खटिने कर्मचारीहरू, मतदाता, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सञ्चार क्षेत्र एवम् नागरिक समाजप्रति हार्दिक अनुरोध गर्दछु।

निर्वाचनकै संघारमा रङ्गहरूको पर्व फागु पूर्णिमा (होली पर्व) परेको छ। उक्त पर्वलाई पर्वको सांस्कृतिक मूल्यको संरक्षण हुने गरी सानो समूहमा पारिवारिक वातावरणमा मनाउन, ठूला जमघटका कार्यक्रम नगर्न, जबरजस्ती रङ्ग दल्ने, लोला हान्ने, दुषित पानी एवम् अन्य निषेधित र हानिकारक वस्तुको प्रयोग गर्ने जस्ता गतिविधि नगर्न, सामाजिक, धार्मिक एवम् राजनीतिक सद्भाव तथा निर्वाचनको वातावरणमा खलल नपुऱ्याउन सम्पूर्ण डडेल्धुरा जिल्लाबासी प्रति अनुरोध गर्दछु। साथै होली पर्वका समयमा सद्भाव खलबलिन नदिने गरी प्रचार-प्रसारका कार्यक्रम सञ्चालन गर्न राजनीतिक दल तथा उम्मेदवारहरूलाई अनुरोध गर्दछु।

निर्वाचन सुरक्षालाई मध्यनजर गरी यही मिति २०८२ फागुन २४ गतेसम्म डडेल्धुरा जिल्लाभर मदिराजन्य पदार्थ बिक्री वितरण र ओसारपसार कार्यमा रोक लगाइएको हुँदा सो को पूर्ण रुपमा पालना गर्नु/गराउनुहुन समेत सम्बन्धित सबैमा अनुरोध गर्दछु।

निर्वाचनका समयमा जिल्लामा अत्यावश्यक सामाग्रीको अभाव हुन नदिन, अस्वभाविक मूल्य वृद्धि, कालोबजारी लगायतका कार्य हुन नदिन, जिल्लाभित्रका सडक सञ्जाललाई चालु अवस्थामा राख्न, दमकल, एम्बुलेन्स, विद्युत, खानेपानी, दूरसञ्चार, स्वास्थ्य उपचार लगायतका अत्यावश्यक सेवालाई चालु अवस्थामा राख्न सम्बन्धित पक्षहरूसँग समन्वय गरिएको व्यहोरा जानकारी गराउँदै यसका लागि सबै पक्षबाट सहयोग हुने विश्वास लिएको छु।

उल्लिखित विषय एवम् प्रचलित कानूनको उल्लंघन भएको पाइएमा कानून बमोजिम कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

Bishnu
११/१४

(विष्णुप्रसाद कोइराला)
प्रमुख जिल्ला अधिकारी

मितिः २०८२/११/१४